# National News

## July 8th, 2024

## Monday

<u>प्रमुख समाचार:</u>

1. प्रधानमन्त्री श्री नरेन्द्र मोदी रुस र अस्ट्रियाको तीन दिने भ्रमणका क्रममा आज पुग्नुभयो मस्को
2. हेमन्त सोरेन सरकारले झारखण्ड विधानसभामा विश्वासको मत जित्न सफल
3. सर्वोच्च अदालतमा NEET-UG परीक्षासँग सम्बन्धित याचिकाहरूमा सुनुवाइ जारी
4. मुम्बईमा भारी वर्षाका कारण जनजीवन अस्तव्यस्त
5. टेनिसमा स्पेनका कार्लोस अल्काराज र इटालीका जाननिक सिन्नर विम्बल्डनको पुरुष एकलको क्वार्टरफाइनलमा

## 1. PM Russia Visit

प्रधानमन्त्री श्री नरेन्द्र मोदी रुस र अस्ट्रियाको तीन दिने औपचारिक भ्रमणका लागि आज साँझ मस्को पुग्नुभयो । मस्को विमानस्थलमा उहाँलाई गार्ड अफ अनर दिइएको थियो । प्रधानमन्त्री श्री मोदीलाई रुसका प्रथम उपप्रधानमन्त्री श्री डेनिस मान्तुरोभले स्वागत गर्नुभएको थियो। भारत र रुसबीचको २२औँ वार्षिक शिखर सम्मेलनमा भोलि प्रधानमन्त्री श्री मोदी र रुसी राष्ट्रपति श्री भ्लादिमिर पुटिनले रक्षा, व्यापारिक सम्बन्ध, लगानी सम्बन्ध, ऊर्जा सहयोग, शिक्षा, संस्कृति लगायत  द्विपक्षीय मुद्दाहरूमाथि समीक्षा गर्नु हुनेछ। दुबै नेताले ब्रिक्स, सांघाई सहयोग संगठन, जी २०, पूर्वी एसिया शिखर सम्मेलन र संयुक्त राष्ट्र संघ जस्ता समूहहरूमा द्विपक्षीय संलग्नताको स्थितिको पनि मूल्यांकन गर्नु हुनेछ।  रुसी राष्ट्रपतिले आज साँझ प्रधानमन्त्रीका लागि निजी रात्रिभोजको आयोजना गर्नु हुनेछ। भोलि प्रधानमन्त्रीले रुसमा रहेका भारतीय समुदायसँग कुराकानी गर्नु हुनेछ। भ्रमणको दोस्रो चरणमा प्रधानमन्त्री अष्ट्रियाका चान्सलरको निमन्त्रणामा भोलि अष्ट्रिया जानु हुनेछ।  प्रधानमन्त्रीको यो पहिलो अस्ट्रिया भ्रमण हो ।

## 2. Hemant Soren Cabinet Expansion

झारखण्डका मुख्यमन्त्री श्री हेमन्त सोरेनले आज विधानसभामा विश्वासको मत जितेर आफ्नो मन्त्रिमण्डल विस्तार गर्नुभएको छ । पूर्व मुख्यमन्त्री श्री चम्पाई सोरेनलाई मन्त्रिपरिषदमा समावेश गरिएको छ ।

## 3. SC -NEET Hearing

सर्वोच्च अदालतले राष्ट्रिय योग्यता सह प्रवेश परीक्षा - NEET UG सम्बन्धी धेरै याचिकाहरूको सुनुवाइ गरेको छ। यसमा NEET-2024 परीक्षामा अनियमितता र परीक्षा पुनः सञ्चालन गर्न निर्देशन माग गर्दै पेश गरिएका निवेदनहरू समावेश छन्। प्रधानन्यायाधीश डी.वाई. चन्द्रचुड, न्यायाधीश जेबी परदिवाला र न्यायाधीश मनोज मिश्रको इजलासले जम्मा ३८ वटा निवेदनको सुनुवाइ गर्दैछ ।

## 4. Khariff Crops

यस वर्ष ३७८ लाख हेक्टर जमिनमा खरीफ बालीको रोपाइँ भएको छ । गत वर्ष अहिलेसम्म ३३१ हेक्टरमा रोपाइँ भएको थियो । अघिल्लो वर्षको तुलनामा यो १४ प्रतिशतले वृद्धि भएको हो । कृषि मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार करिब ६० लाख हेक्टरमा धान रोपिएको छ । जुन गत वर्षभन्दा नौ लाख हेक्टर बढी हो । यसैगरि ३६ लाख हेक्टरमा दाल रोपिएको छ । जुन गत वर्षको तुलनामा १३ लाख हेक्टर बढी हो ।

## 5. Maharashtra Rain

मुम्बई र यसका उपनगरहरूमा भारी वर्षाको कारण जनजीवन अस्तव्यस्त भएको छ। सडकमा पानी जमेकाले सवारी आवागमन प्रभावित भएको छ भने बसका रुटहरू परिवर्तन गरिएका छन् । सहरका सबै विद्यालय तथा कलेजमा पहिलो सत्रमा बिदा दिइएको छ । मुम्बई विश्वविद्यालयले केही परीक्षा स्थगित गरेको छ। महाराष्ट्रका मुख्यमन्त्री श्री एकनाथ शिन्देले मानिसहरूलाई अनावश्यक आवतजावत नगर्न आग्रह गर्नुभएको छ। स्थितिको समीक्षा गर्न उच्चस्तरीय बैठकको अध्यक्षता गरेपश्चात् पत्रकारहरूसँग कुरा गर्दै श्री शिन्देले सबै आपतकालीन

एजेन्सीहरूलाई सजग गराइएको बताउनुभयो। वर्षाका कारण मुम्बई विमानस्थलको उडान सेवा पनि प्रभावित भएको छ । कम भिजिबिलिटीका कारण ५० उडान रद्द वा डाइभर्ट गरिएका छन् ।

## 6. Govt Amarnath

सरकारले यस वर्ष अमरनाथ यात्रामा संलग्न भक्तहरूलाई निर्बाध मोबाइल जडान सुनिश्चित गर्न टेलिकम पूर्वाधारमा व्यापक सुधारको घोषणा गरेको छ। यसका लागि दूरसंचार मन्त्रालयले एयरटेल, बीएसएनएल र जियो जस्ता टेलिकमहरूसँग साझेदारी गरेको छ। यसका साथै धेरै ठाउँमा मोबाइलको सिम वितरण केन्द्र पनि तयार पारिएको छ ।

## 7. AP Murugan

राज्य भाजपा इकाईको कार्यकारिणी बैठक आज आन्ध्र प्रदेशको राजमहेन्द्रवरममा सम्पन्न भयो। यस अवसरमा सूचना तथा प्रसारण राज्यमन्त्री श्री एल मुरुगनले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको कार्यकालमा विगत १० वर्षमा देशले धेरै विकास गरेको बताउनुभयो । उहाँले NDA सरकारले राज्यमा धेरै विकास आयोजनाहरू थालेको र डबल इन्जिन सरकारले राज्यको विकासलाई तीव्रता दिने बताउनुभयो । प्रदेश भाजपा अध्यक्ष डी पुरन्देश्वरीले विकसित भारतको सपना साकार पार्न जनताले एडीए सरकारको नीतिको समर्थनमा मतदान गरेको बताउनुभयो। बैठकमा भाजपाका राष्ट्रिय महासचिव श्री अरुण सिंह, इस्पात राज्यमन्त्री श्री भूपति राजु श्रीनिवास, पार्टीका सांसद, विधायक र कार्यकर्ता उपस्थित थिए।

## 8. Rahul Gandhi – Imphal Visit

लोकसभामा विपक्षी दलका नेता श्री राहुल गान्धी एकदिने भ्रमणमा मणिपुर पुग्नुभएको छ । यसअघि उहाँले आज बिहान असमको काछार पुगेर बाढी पीडित परिवारलाई भेट्नुभएको थियो। त्यसपछि उहाँले मणिपुरको जिरिबम जिल्ला पुगेर जिल्लामा आश्रय लिएका हिंसापीडित परिवारसँग कुराकानी गर्नुभयो।

त्यसपछि श्री गान्धी चुराचन्दपुर जानुभयो । त्यहाँ उहाँले राहत शिविरको भ्रमण भ्रमण गरी त्यहाँ रहेका कैदीहरूलाई भेट्ने कार्यक्रम छ। कांग्रेस नेताले आज साँझ इम्फाल प्रस्थान गर्नुअघि मणिपुरका राज्यपाल अनुसुया उइकेसँग पनि भेट गर्नु हुनेछ।

## 9. IMD Rain

मौसम विभागले अरुणाचल प्रदेश र नागाल्याण्ड लगायत देशको उत्तरपूर्वी भूभागमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ । विभागका वरिष्ठ वैज्ञानिक सोमा सेन रोयले आज पनि मध्य भारतका अधिकांश स्थानमा मुसलधारे पानी पर्ने सम्भावना रहेको आकाशवाणी समाचारलाई बताउनुभयो। पूर्वी भारतमा पनि भारी वर्षाको सम्भावना रहेको छ । उता, उत्तराखण्डको कुमाऊँ क्षेत्रमा भारी वर्षाका कारण घरघरमा पानी जमेको र जनजीवन प्रभावित भएको छ । चम्पावत, उधम सिंह नगर र पिथौरागढ जिल्लामा अबेर राति परेको अविरल वर्षाका कारण समतल क्षेत्र जलमग्न भएकोले प्रभावित परिवारहरूलाई सुरक्षित स्थानमा पुऱ्याइएको छ।

## 10. Wimbledon Tennis

विम्बल्डन टेनिस प्रतियोगिताको पुरुष सिंगल्समा वर्तमान च्याम्पियन कार्लोस अल्काराज र विश्व नम्बर एक जननिक सिन्नर क्वाटरफाइनलमा पुगेका छन् । सात पटकका च्याम्पियन र दोस्रो वरियताका नोभाक जोकोभिचले आज राति १५ औं वरियताका डेनिस होल्गर रुनको सामना गर्नेछन् । चौथो वरियताका जर्मन अलेक्जेन्डर ज्वेरेभले आफ्नो चौथो राउण्डमा १३औँ वरियताका अमेरिकी टेलर फ्रिट्जको सामना गर्नेछन् । महिला एकलमा पूर्व च्याम्पियन एलेना रिबाकिनाले १७ औं वरियताकी अन्ना कालिन्स्कायासँग प्रतिस्पर्धा गर्नेछिन् ।

## 11. Muharram

इस्लामिक क्यालेन्डरमा आज मुहर्रमको पहिलो दिन हो । यो महिना हिजरी वर्षको पहिलो महिना हो। कर्बलाको घटना यही महिनामा भएको थियो । मुहर्रम महिनामा पैगम्बर हजरत मोहम्मदका नाति इमाम हुसैन र उनका साथीहरूले अत्याचारीविरुद्ध लडेका थिए र इस्लामको लागि आफ्नो जीवन बलिदान दिएका थिए। मुस्लिम समुदायलाई नयाँ वर्षको अवसरमा विभिन्न धार्मिक तथा राजनीतिक संघसंस्थाले शुभकामना दिएका छन् ।